## नेपाल नागरिक उड्डयन प्राधिकरण
# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको
## चङ्गा नउडाउने सम्बन्धी सार्वजनिक सूचना

त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा वायुयानको उडान तथा अवतरणको समयमा विमानस्थलको आसपासको क्षेत्रमा चङ्गा उडाउने गरेको पाईएकोले यस सम्बन्धमा विमानस्थलको गम्भीर ध्यानाकर्षण भएको छ । यस्तो कार्यबाट विमानको उडान सुरक्षामा गम्भीर असर पर्न सक्ने भएको हुदाँ यस किसिमको गतिविधि एवं क्रियाकलाप नगर्न नगराउन हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । साथै कसैले यस सूचनाको अवज्ञा वा अटेर गरी यस्तो गतिविधि गरे तथा गराएको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।